# प्रदेश सरकार
## प्रदेश नं ५
## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## वुटवल, नेपाल

सचिव वैठक न : २२
मिति : २०७५।११।१

**उपस्थिति**

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव, | प्रदेश नं ५ |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशव राज आचार्य, | सचिव, | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री थानेश्वर गौतम | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनन्जय पौडेल, | सचिव, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री यामनारायण देवकोटा, | सचिव, | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री सहदेव वहादुर भण्डारी | नि.सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री ज्ञानहरी घिमिरे | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

**निर्णयहरु**

१.अघिल्ला सचिव वैठकहरुबाट भएका निर्णयहरुबमोजिम प्रदेश स्थापना दिवस मनाउने सन्दर्भमा सम्वन्धित मन्त्रालयहरु तथा गठन भएका समितिहरुबाट भएका तयारीहरुको प्रगति समिक्षा गराउनुका साथै बाँकी तयारी पूरा गरी प्रदेश स्थापना दिवस भब्य रुपमा मनाउने निर्णय लिइयो ।यस अवसरमा आयोजना हुने राजमार्ग सरसफाई, रक्तदान कार्यक्रम, वृक्षरोपण कार्यक्रम, हाजिरी जवाफ र प्रभातफेरी सहितको मूल समारोहमा मन्त्रालय र अन्तर्गतका सबै कर्मचारीलाई अनिवार्य रुपमा उपस्थित गराउने ।

२. प्रदेश सरकारको वार्षिक बजेट अनुसार जिल्ला तथा स्थानीय स्तरमा कार्यक्रमहरु संचालनले गति लिएको छ । यस सम्वन्धमा देहायबमोजिम गर्ने ।

क. कार्यक्रम तथा आयोजनाहरुको निरन्तर रुपमा मन्त्रालयस्तरबाट अनुगमन गर्ने।

ख. आयोजनाहरुको अनुगमन गर्दा ऐन नियम तथा कार्यविधिहरुको पालना भए, नभएको र अपेक्षित परिणाम तथा नतिजा हासिल हुन सक्ने, नसक्ने पक्षको लेखजोखा गर्ने ।

ग. अनुगमन गर्दा आयोजना सम्वद्ध कर्मचारीहरुका अतिरिक्त सम्वन्धित स्थानीय तह सम्वद्ध लाभग्राही समुदाय वा व्यक्ति र त्यसबाट लाभान्वित नहुने स्थानीयबासीहरुसँग समेत अन्तरक्रिया गरी सूचनाहरुको त्रिभुजीकरण (Triangulation) गर्ने ।त्यसलाई प्रतिवेदनमा समावेश गर्ने ।

घ. यसो गर्दा सुशासनसँग सम्वद्ध कुनै सवालहरु भेटिएमा सम्वद्ध कर्मचारी मध्ये जवाफदेही व्यक्ति पहिचान गरी सतर्क गराउने र तत्सम्वन्धी अन्य निर्णय लिने ।

ङ. अनुगमन प्रतिवेदनको एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

[signature]

२०७५।११।२